संवत् २०७२ को

# जगदम्बा–श्री

तथा

# मदन–पुरस्कार

समर्पण गर्ने समारोह

२०७३।६।१६।१

# कार्यक्रम

१. सभारम्भ मङ्गलधुन

२. मदन पुरस्कार गुठीका अध्यक्षबाट स्वागत ............................ ३

३. म.पु.गुठीका अध्यक्षबाट पुरस्कार अर्पण

४. श्री प्रकाश सायमीबाट विद्वद्प्रवचन ..................................... ५

५. 'जगदम्बा-श्री'द्वारा सम्मानित श्री लीलबहादुर क्षेत्रीको उद्गार .......... १२

६. 'मदन पुरस्कार'द्वारा सम्मानित 'ऐना'का स्रष्टा
श्री रामलाल जोशीको उद्गार........................................... १८

७. क.दी.को पुस्तक समर्पण

८. धन्यवाद ज्ञापन : गुठीका सदस्य-सचिवबाट............................२२

९. सभा विसर्जन तथा जलपान

# गुठीका अध्यक्ष श्री कमलमणि  दीक्षितद्वारा स्वागत भाषण

**ॐ असतोमा सद्गमय तमसोमा ज्योतिर्गमय मृत्योर्मा अमृतं गमय**
**ॐ शान्तिः ! शान्तिः ! शान्तिः !**

**आदरणीय प्रकाश सायमीजी, माननीय हाम्रा 'ब्यौलाद्वय' लीलबहादुर क्षेत्रीज्यू र रामलाल जोशीज्यू तथा उपस्थित् विद्वद्गण/ विद्वद्जन र मित्रहरू,**

हाम्रो आजको यस समारोहस्थलमा सर्वप्रथम यस कार्यक्रमका कारणी-द्वय स्वर्गीय जनरल मदन तथा रानी जगदम्बाका अमर आत्माहरूलाई स्वागत जनाउँछु।

प्रकाश सायमीजी, तपाईं मदन पुरस्कारको मित्र र प्रशंशक हुनुहुन्छ र यस पुरस्कारको गरिमा बढाउँदै लैजानका लागि भन्ने बारे हामीलाई सचेत गराउँदै आउनुभएको छ। यहाँ विद्वद् प्रवचन दिन तपाईंलाई गरेको आग्रह स्वीकार गरी पाल्नुभएकोमा म विशेष रूपले आनन्दित छु।  नेपाली साहित्य संगीत र कलाक्षेत्रको अगाध ज्ञान छ तपाईंमा। त्यस ज्ञानसागरबाट केही प्रदान गरी हामीलाई अनुगृहीत गर्नुहुनेछ भन्नेमा म विश्वस्त छु। म तपाईलाई हार्दिक स्वागत गर्दछु।

लीलबहादुरज्यू तपाईंसँगको मेरो चीनजान मदन पुरस्कार जत्तिकै पुरानो छ। ६२ वर्षको। त्यसबखत तपाईं र हाम्रो सम्बन्ध जोरिदिने दुईजना, असमका सीबी गुरुङ तथा देहरादूनका ठाकुर चन्दनसिंहलाई पनि म आज सम्झिरहेको छु। तपाईं उति टाढा गुवाहाटीदेखि दुःख गरी उपस्थित भैदिनुभएकोमा म तपाईंलाई सधन्यवाद स्वागत गर्दछु।

रामलाल जोशीज्यू, दुइटा किताबका माध्यमबाट मात्र हो हाम्रो परिचय भएको। तपाईंको 'ऐना'ले मदन पुरस्कार प्राप्त गरेकोमा मलाई आनन्द लागेको छ। बधाई ज्ञापन गर्दै म तपाईंलाई यस समारोहमा स्वागत गर्दछु।

आदरणीय विद्वद्जन, यो अडिटोरियम एउटा ऐतिहासिक स्थल हो। यो त्यही स्थान हो जहाँ **२०१२** सालमा रानी जगदम्बाले मदन पुरस्कारलाई जन्म दिनुभएको थियो। भौतिक रूपमा त्यो ठूलो बैठक ऐले छैन तर त्यस वेलाको हावा ऐले पनि त यहाँ फैलिरहेको छ भन्ने मलाई लाग्छ। यस पवित्र स्थलमा म तपाईंहरूलाई स्वागत निवेदन गर्दछु। तपाईहरूको उपस्थितिले हाम्रो हौसला बढेको छ।

धेरै धन्यवाद !

सबैको जयहोस् !

## श्री प्रकाश सायमीज्यूको
## विद्वद्-प्रवचन,

**देवी तथा सज्जनवृन्द।**

**मदन पुरस्कार गुठीका सम्पूर्ण सदस्यगण एवम् साहित्यिक जगतका सुधीजन र अन्य क्षेत्रका स्वजन। मदन पुरस्कारद्वारा सम्मानित लेखक एवम् जगदम्बा-श्रीबाट सम्मानित लेखकका साथै मदन पुरस्कारका निम्ति मनोनयमा परेका सबै लेखकहरूका साथै निर्णायक मण्डल।**

**मेरा आफ्ना सतीर्थी स्रष्टा मित्रहरू।**

**सबैमा हार्दिक नमन।**

यो एउटा संयोग नै हुनेछ, पहिलो पटक पुरस्कार र सम्मानको वारेमा आफ्नो मन्तव्य राख्न पाएकोमा।

पुरस्कारसित यति टाढाको मान्छेले आज यत्ति नजिकबाट बोल्नुपर्दा अनौठो पनि लाग्दैछ। यद्यपि यहाँहरू सबैमा आभारी छु।

भाषा म्वासाः जाति म्वाई ...
भाषा बाँचे जाति बाँच्दछ ...

बाल्यकालमा वा अक्षर बुझ्ने भएपछि घरको भित्तामा देखेको पंक्ति यही हो मैले। यही शब्दपंक्ति सितको बाल्यकालमा मैले मेरो

मातृभाषाका केही लेख पढ्ने सौभाग्य पाएँ। त्यसपछि नेपाली भाषाका कृतिसित आत्मीयता बढ्दै गयो।

भाषाको कुरा गर्दा 'मदर टंग' अर्थात् मातृभाषा मेरो नेवारी हुन गयो। 'होम ल्याँग्वेज्' जसलाई हामीले कामकाजी भाषाको रुपमा स्वीकार्यौं, त्यो नेपाली हुन गयो।

नेपाली भाषासितको आत्मीयता चेतनासँगै शुरु भयो।

"नेपाली भाषा किन किन मलाई मनपर्छ..."

शंकर लामिछानेले भने जस्तै।

मदन पुरस्कार पाइसकेपछि आफ्नो रेकर्ड मन्तव्यमा लामिछानेले भनेका यी पंक्ति घरि घरि सम्झिन्छु,

नेपाली त मलाई मन पर्छ कसो कसो, हुन त म आफै पनि बडा अँग्रेजी, उर्दू, संस्कृत र कहिले कहिले के के नेवारी पनि प्रयोग गरिदिन्छु। अं, तर हाम्रो भाषामा एउटा मैले के देखेको छु भने सम्भावना प्रशस्त छन्।

प्रशस्त सम्भावना भएको यो नेपाली भाषाको लडाइँमा धेरै पहिलेदेखि वा देखिने गरी विभिन्न किसिमका लडाइँ चल्दै आएका छन्। जहाँ सम्भावना हुन्छ त्यहाँ एकरुपीकरणको नारा चल्दैन, सुधार जरुरी छ। नेपाली भाषाले यति सहजतापूर्वक उर्दू, फारसी, तुर्कीस् वा नेवारी सबै भाषालाई अँगाल्दै आएको छ।

भाषाको कुरा गर्ने वित्तिकै मलाई आजकाल क्याफेमा पाइने 'हम्मस ब्रेड'को याद आउँछ। यो मूलतः टर्कीस् व्यञ्जन हो तर आजकाल टर्कीसहरू नै यसो भन्छन्, 'यसमा पीटा ब्रेड जुन छ त्यो

टर्कीस् हो, हम्मस यूनानी खाद्य हो, पनीर साइप्रस'।

मलाई त लाग्छ, यो त्यसै कारण पनि मिठो हुँदै गएको हो। राष्ट्र कवि माधव घिमिरेको 'नेपाली हामी रहौँला कहाँ, नेपालै नरहे' सुन्दा एउटा पंक्ति स्वतः स्मरणमा आउँछ,

'ए कहाँबाट हेरौँला संसार संझ्यालै नरहे ...'

सँझ्यालले नेवारी संस्कृतिको चलायमान छवि बनाउँछ, घरको बुइँगल भन्दा माथिको झ्याल जहाँबाट पुर्खाको निम्ति सम्झना र खाना पूर्ति गरिन्छ, त्यसलाई सँझ्या भनिन्छ।

आज सँझ्याल नभएका गगनचुम्बी हाउजिंग त बनेका छन् तर यो गीतले सँझ्यालको अस्तित्वलाई अझै गर्वसाथ स्वीकारेको छ। भाषाको ताकत भनेकै यही हो र यही हुनुपर्ने हो।

डा. सैम्युएल जोन्सन् जस्ता धुरन्धर भाषाविद् एवम् कोश निर्माता साहित्यकार भन्दछन्, 'मलाई सदैव दुःख त्यस बखत लाग्छ जब कुनै भाषा लुप्त भएर जान्छन् , किनकि भाषाहरू त कुनै पनि राष्ट्रको वंशावाली हो'।

भाषारहित मनुष्य मृत प्राणी सरह हो।

सम्भवतया यसकारण हाम्रा शास्त्रकारले भनेका हुन् कि सृष्टिको जन्म भन्दा पहिले शब्दको जन्म भएको थियो। भाषा विज्ञान भाषालाई लिंगनिरपेक्ष मान्दछ जब कि वाणी अर्थात् स्पीचलाई लिंग युक्त।

भाषा तब सम्म एउटा वस्तु मात्र हो, एक भौतिक उपस्थिति

मात्र। जब यसले वाणी धारण गर्छ तब यो सशरीर देखिन्छ, अर्थवान, संकेतवान, सन्दर्भवान र ध्वनिवान भएर आउँछ।

भाषा वैज्ञानिकले भाषालाई मुख्य चार कार्य मानेका छन्,

निर्देशात्मक

सूचनात्मक

सम्प्रेषणात्मक

र अभिव्यक्तिगत तथा शिष्टाचार सम्बन्धी।

भाषाको मुख्य कार्यव्यापार नै सम्प्रेषण हो र अभिव्यक्ति उसको सृजनात्मक रुप हो, भनिन्छ।

स्तानिस्लाभास्कीले हाम्रो कार्यव्यापार ७५ प्रतिशत भाषाको माध्यमबाट हुन्छ, बाँकी २५ प्रतिशत मात्र शारीरिक भाषा वा आँगिक प्रदर्शनबाट हुन्छ भनेर स्वीकारेका छन्।

आज नेपाली भाषालाई यति सजिलो बनाएको कारण पनि हाम्रा वरपरका निकटवर्ती भाषासितको हाम्रो साझेदारीले हो। हामी जे बुझ्दछौं वा जान्दछौं, त्यसलाई अभिव्यक्त गर्नका निम्ति हामीसित हाम्रो समृद्ध भाषाको अमूल्य देन छ। हामीसित भएको भाषाको कारण साहित्यका सबै विधा हामीसित सहज रुपमा आउँछन् र ती संरक्षित भएर बसेका छन्।

जी के चेस्टर्नले त्यसैले त भनेका हुन्,

“अल स्लेंग इज मेटाफोर एन्ड अल मेटाफोर इज पोयट्री।”

अपभाषा पनि एकप्रकारका रुपक हुन्, हुँदै आएका छन्।

हाम्रो नै सौभाग्य मान्नुस्, इतिहासको यो दुर्लभ संयोग हो विश्वका कतिपय विनाशलीलाको समय पनि हाम्रो भाषामाथि कुनै आक्रमण वा आतंक भएका थिएनन् तर यो समय अझ बढी यसपछिको समय हाम्रो भाषाको निम्ति सकसको समय भएर गएको छ।

दुनियाँमा नेपाल ती कम देशहरू मध्ये एउटा हो जो आफ्नो गरीबी, राजनीतिक सनकीपन अनि प्रशासनिक अराजकताका वावजूद पनि आफूभित्र एउटा लोकमानसको लीलाभूमि सम्हालेर बसेको छ, जहाँ एक लेखकको कल्पना आज पनि अपेक्षाकृत रुपमा मुक्त भावबाट सत्य र भ्रम, माया र यथार्थ, सनातन परम्परा एवम् इतिहासका छायाका वीच विचारीरहेका छन्।

आज यदि म यो अवसरमा साहित्यप्रति कृतज्ञता प्रकट गर्न उभिएको छु भने यो मात्र साहित्यले दिएको सहनीय जीवनका लागि होइन। शायदै यस्तो कुनै समय आयो होला नेपाली साहित्यमा, जसले साहित्य लेख्नका निम्ति मान्छेले देश छोड्नु पर्यो वा साहित्यका कारण कसैको सालिक वा अस्तित्व ढालियो होला। तर आज देख्दा खुशी लाग्छ, जीवन यापन गर्न, कामकाज गर्न वा आफ्नो नयाँ क्षितिजका निम्ति देश छोडेर गएका कैंयौ नेपालीलाई साहित्यका कारण देशसित जोडिने वा मातृभूमिको स्पर्शसित आत्मीय हुने मौका मिलेको छ, यस्तो घटना इतिहासमा विरलै हुन्छ या त हुँदै हुँदैन तर हाम्रो साहित्यमा भइरहन्छ, त्यसका कारण पनि म नेपाली भाषा र साहित्यप्रति कृतज्ञ छु।

साहित्य, संगीत र कलाका निम्ति मदन पुरस्कार र जगदम्बा-श्री सम्मानको फरक फरक आयतन भएपनि यसले सबै पक्षलाई समादृत गर्दै आएको छ।

मदन पुरस्कार पाएपछिको शंकर लामिछानेको स्वीरोक्ति होस् वा पारिजातको आत्मवोध। मदन पुरस्कार पाएपछि गोपालप्रसाद रिमालको आमाको सपना होस् वा सत्यमोहन जोशीको ह्याट्रिकले अलग अलग इतिहास कोरेका छन्।

नेपाली जनताका हृदय गायक नारायणगोपाल जसले गीतका गणितका कारण देशवाहिर र देशभित्र एउटा मानचित्रको रुप धारण गर्दैछ।

इतिहासमा पहिलो पटक जगदम्बाश्री सम्मानबाट समादृत नेपालीका रुपमा परिचित नारायणगोपालले गीतबाट जुन इतिहास बनाए तर उनले त्यति वेला दिएको उनको 'एशर्सन'ले धेरै ठूलो माने राख्छ, उनले भनेका छन्, संगीतमा ठूलो क्रान्ति ल्याउन सकिन्छ साहित्यसित निकटता राखेर।

यति ठूलो कुरा वायुमण्डल खल्बल्याउने विश्वप्रसिद्ध कलाकारहरू बीटल्स् वा बब डायलनले भन्न भ्याएनन् तर हाम्रा कवि गायक नारायणगोपालले जगदम्बा-श्री बाट समादृत भएपछि नै भनेका हुन्।

जगदम्बा-श्री पाएपछि वा मदन पुरस्कार पाएपछि ती लेखक, कलाकार वा साधकको जीवनमा के कस्ता प्रण वा प्रणय आए आज भन्न सक्दिनँ तर मैथिलभाषी लेखक राजेन्द्र विमलले यही मञ्चबाट भनेका पंक्ति र विचारले मलाई तरंगित बनाइरहन्छ, उनले भनेका थिए- समाजमा दुई प्रकारका मान्छे हुन्छन् यूज फूल र सक्सेस् फूल। म यूजफूल हुन चाहन्छु।

उनी समाजलाई सदैव दिइरहने यूजफूल मान्छे हुन चाहन्छन् भन्ने परिचयीकरण वेलावेलामा दिइरहन्छन् ।

राजेन्द्र विमल होस् वा लोककवि अली मियाँ, अम्बर गुरूङ होस् वा डायमण्ड शम्सेर राणा ती सबैले नेपाली समाजमा आफ्नो ‘यूजफूलनेस’लाई कायम राखेका छन्।

अन्त्यमा मदन पुरस्कार विजयी स्रष्टाहरू जो जो आज यहाँ हुनुहुन्छ तपाइँहरू सबैलाई आफ्नो काम, योगदानको निम्ति सदैव सम्मान त छँदैछ तर पुरस्कार पाए पछिको आफ्नो लेखनमा आउने चुनौतीको निम्ति सदैव तयार रहनोस्।

पुरस्कार पाउनेले जहिले पनि यही सोच्नु पर्यो, पुरस्कार पाउने म मात्र हुँ होइन, पुरस्कार पाउने म पनि हुँ।

त्यस समय पुरस्कृत भएको लेखकले समकालीन लेखकको प्रतिनिधित्व गरेको हुन्छ।

पुरस्कृत लेखकले आफ्नो पुस्तक पाठकलाई दिँदा यति भन्न सक्नु पर्यो-यसमा तपाइँले पढ्न चाहेका यी दुई कुरा छन्, मदन पुरस्कारको लोगो मात्र होइन।

सर्वान्तमा मदन पुरस्कारले ढिलै भएपनि टप टेनको सूची सार्वजनिकरण गर्ने पद्धति थालनी गरेको छ, यसले नेपाली पाठकलाई पुस्तकसँग व्यस्त बनाउँछ। यसका निम्ति समितिलाई हार्दिक धन्यवाद छ, यो कुनै समय पंक्तिकार र उनका केही सहयोगी टोलीले दिएको सुझाव भित्रैको एउटा अनुसर्ग हो।

धन्यवाद फेरि एकपटक।

# २०७२ सालको पुरस्कार जगदम्बाश्रीद्वारा सम्मानित श्री लीलबहादुर क्षेत्रीको उद्गार

**मदन पुरस्कार गुठीद्वारा आयोजित यस पुरस्कार समारोहका अध्यक्ष महोदय, गुठीका अध्यक्ष, सचिव, पुरस्कारका निर्णायकमण्डली, गुठीका लगनशील कार्यकर्ता, प्रमुख अतिथि, विशिष्ट अतिथि, साहित्यिक स्रष्टा, शिक्षाविद, विद्वान तथा विदुषी वर्ग, मदन पुरस्कार (२०७२) प्रापक स्रष्टा श्री रामलाल जोशी सबैमा मेरो हार्दिक अभिवादन।**

सर्वप्रथम त म मातृस्वरूपा ती देवी रानी जगदम्बा तथा उनका श्रीमान् जनरल मदन शम्सेरको पुण्यात्माप्रति श्रद्धा व्यक्त गर्न चाहन्छु जस्का अमर नाउँसित यी पुरस्कारहरू जोडिएका छन् र फेदमा जस्को अनुदान समग्र मदन पुरस्कार गुठीको घडेरी निर्माणमा सहयोगी भएको छ।

हाम्रो आर्य सभ्यता तथा परम्परा, विशेष गरी नेपाली परम्परामा कीर्ति तथा दानको ठूलो महत्त्व छ। हाम्रा गाउँघर पाखा पखेरामा समेत, हुने खाने व्यक्ति मात्र होइन, साधारण रूपले जीविका चलाउने व्यक्ति समेत परत्रमा कीर्ति राख्ने ध्येयले आफ्नो गच्छे अनुसार दान गरेर बटुवाहरूका निम्ति ठाउँ ठाउँ पाटी पौवा बनाउँछन्। वरपीपल रोपेर त्यस्मा चौतारी बनाइदिन्छन्। पानीको मूल फुटेको

ठाउँमा धाराको व्यवस्था गरिदिन्छन्। कुवा खनाएर भानुभक्तलाई आफ्ना कृतिद्वारा कीर्ति कमाउने प्रेरणा दिने घाँसीको कथा सर्वविदितै छ। आफ्नो यथो अर्पेर यस प्रकारको कीर्ति कमाउने कार्यमा रानी जगदम्बाको स्थान सर्वोपरिछ। भारतभित्रका तीर्थस्थली चाहे त्यो वाराणसी होस वा रामेश्वम् अथवा ऋषिकेश रानी जगदम्बाका स्मृतिमा बनेका धर्मशालामा जुनसुकै ठाउँका नेपाली तीर्थयात्रीले अथवा विद्या अध्ययन गर्न आउने छात्र छात्राले आश्रय पाएकै हुन्छन्। रानी जगदम्बाका यी कृतित्वले नेपाली जनमानसभित्र अमेट छाप छोडेको छ र उनको यी कीर्ति इतिहासका पानाम अक्षुण्ण रहनेछ।

रानी जगदम्बाले राखेका कीर्तिले मदन पुरस्कार गुठीको स्थापनामा आएर अऋ विशाल कालजयी र अजर अमर रूप लिएको छ जुन गुठीले नेपाली साहित्यमा पुरस्कारको नाउँ नै नसुनेको त्यो समयमा मदन पुरस्कारको स्थापना गरेर नेपाली साहित्यका स्रष्टाहरूमा प्ररेणा जगाउने दिशामा सञ्जिशवनी बुटीको काम गरेको छ। त्यसरी नै केही वर्ष पछि स्थापना भएको 'जगदम्बा-श्री' पुरस्कारले पनि नेपाली भाषा-साहित्यमै रमिएर धेरै काल बिताएका सर्जकलाई स्वीकृति दिएर तिनको मनोबल बढाएको छ।

मदन पुरस्कार पुस्तकालय यस्तो विशिष्ट पुस्तकालय हो, जहाँ विश्वका विभिन्न देश, विभिन्न क्षेत्रमा, विभिन्न ठाउँमा रचिएका, प्रकाश गरिएका नेपाली पुस्तक पत्र पत्रिका पर्चा आदि संकलित छन् र तिनैका आधारमा यसले नेपाली भाषा साहित्यको जरोदेखि टुप्पासम्मको इतिहास केलाउने सुविधा उपलब्ध गराएर धेरै शोधार्थीहरूलाई विविध सामाग्री उपलब्ध गराएर आफ्नो लक्ष्य प्राप्त गर्न सहयोग पनि गरेको छ। मदन पुरस्कार पुस्तकालय विश्व

कै नेपाली भाषा र साहित्यको धरोहर हो। हाम्रा पूर्वोत्तर भारतकै अनुसन्धानकर्ता त्यहाँका पुराना लिपिबद्ध सामग्री खोज्न मदन पुरस्कार पुस्तकालय धाउँछन्।

गर्ने भन्दा गराउने ठूलो भन्ने नेपालीमा आहान छ। यो उक्ति अन्य क्षेत्रमा कति प्रयोज्य हुन्छ, थाह छैन, तर मदन पुरस्कार गुठीको क्षेत्रमा शत प्रतिशत प्रयोज्य परिलक्षित हुन्छ।

जनरल मदन शम्सेर र रानी जगदम्बाको स्मृति तथा कीर्ति रक्षार्थ मदन शम्सेर गुठी जस्तो भव्य तथा अद्वितीय संस्थान स्थापना गरी नेपाली भाषा, साहित्य संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्दै यसलाई विश्वसस्तरीय पार्नमा दीक्षित परिवार, विशेष गरी आदरणीय केदारमणि दीक्षित, कमलमणि दीक्षितको कति ठूलो त्याग र समर्पित भावना छ त्यसको सटीक मूल्याङ्क न हामी गर्न सक्तैनौ। उहाँहरूको सुपरामर्श कार्य दक्षता, लगनशीलता गुठी प्रति निरन्तर चिन्तन, निष्ठा र परिश्रमले गर्दा नै आज मदन पुरस्कार गुठी विश्वरकै नेपाली भाषा र साहित्य जगतमा प्रख्यात छ र यसले रानी जगदम्बा र ज. मदन शम्सेरको स्मृति अक्षुण्ण राखेको छ। यसका वर्तमान अध्यक्ष श्री कमलमणि दीक्षित स्वयं एकजना भाषा साहित्य प्रेमी, संरक्षक शोधकर्ता, स्रष्टा र द्रष्टा हुनुहुन्छ र मदन पुरस्कार गुठीप्रति सम्पूर्ण रूपले समर्पित हुनुहुन्छ। आज मदन पुरस्कार गुठी भन्ने बित्तिकै हामी कमल दीक्षितलाई सम्झन्छौं अनि कमल दीक्षितको नाउँ लिने साथै मदन पुरस्कार गुठीका विभिन्न एकाइको हामीलाई स्मरण हुन्छ। मदन पुरस्कार गुठी जस्तो भव्य साहित्यिक संस्थानलाई यसको जरोदेखि नै मलजल गरी आजको यो विश्वमस्तरीय साहित्यिक संस्थानमा पुर्‍याउन निरन्तरता प्रदान गर्ने दीक्षित परिवारका केदारमणि दीक्षित,

वर्तमान गुठीका अध्यक्ष कमल दीक्षितप्रति म नतमस्तक छु।

मदन पुरस्कार गुठीको इतिहास मलाई त्यति धेरै थाह छैन। जे जति बोलेको छु, त्यो मेरो अनुमानिक विचार हो। तर एउटा कुरा के भने, परोक्ष रूपमै भए पनि यो संस्थानसित म लगभग गत साठी वर्षदेखि जोडिएको छु। तपाईंहरू मध्ये धेरैलाई थाहा होला पनि, नहोला पनि, मेरो पहिलो उपन्यास बसाइँ जो पूर्वोत्तर भारतको पनि पहिलो मौलिक नेपाली उपन्यास हो, त्यसको प्रथम संस्करण आज भन्दा झन्डै छ दशक अघि वि.स. २०१४ सालमा "मदन पुरस्कार पुस्तकालय"ले प्रकाश गरेको थियो र त्यसलाई प्रकाशनको दिशामा गति दिने व्यक्ति हुनुहुन्थ्यो गुठीका वर्तमान अध्यक्ष श्री कमल दीक्षित। यसरी नेपाली साहित्य संसारमा बसाइँको माध्यमबाट मेरो परिचय गराउनमा मदन पुरस्कार गुठीको ठूलो हात छ र व्यक्ति हिसाबले त्यो श्रेय जान्छ श्री कमल दीक्षितज्यूलाई त्यस्को इतिहास लामो छ र सो इतिहासले विभिन्न ठाउँमा प्रकाश पाइसकेको छ। मेरो निबन्ध संकलन झ्याउरे पार्टीमा लाग्दामा, "बसाइँदेखि ब्रहमपुत्रका छेउछाउ सम्म" शीर्षकको निबन्ध पढ्दा पनि हुन्छ।

आज यही मदन पुरस्कार गुठीको जगदम्बा-श्री पुरस्कार जस्तो उच्चस्तरीय पुरस्कार मलाई प्रदान गरिएको छ जस्का निम्ति गुठीका सबै अधिकृत वर्ग, निर्णायक मण्डलीलाई धन्यवाद दिन चाहन्छु।

वास्तवमा, तर म आफूलाई यस पुरस्कारको योग्य ठान्दिन। लौ त भनौ भने पुरस्कारको दृष्टिकोणले म कहिले लेख्तिन तर पुरस्कार आफैं आइलाग्छन्। वास्तवमा म लेख्छु आफ्नै आत्मसन्तुष्टिको निम्ति अनि मेरो सन्तुष्टि निर्भर गर्छ सर्वसाधारण पाठकको सन्तुष्टिमा अनि ती पाठक तब सन्तुष्ट हुन्छन् जब उनीहरूले सिर्जनाभित्र आफ्नो

जीवनको चित्र फेला पार्छन्। सरल पारामा व्यक्तिएको उनीहरूका जीवननको दशा र दिशा जुन साहित्यमा फेला पर्छ त्यसैले उनीहरूलाई आत्मसन्तुष्टि मिल्छ र त्यसका सर्जकलाई उनीहरू विपुलमाया प्रदान गर्छन्। मेरो निम्ति त्यही माया ठूलो पुरस्कार भएको छ। बेला बेला मलाई प्रश्न गरिन्छ "तिमी के का निम्ति लेख्छौं" भनेर। मेरो उत्तर हुन्छ म नलेखी बस्नै सक्तिन अनि हो त बाँच्न पनि सक्तिन। त्यसैले जीवनकै निम्ति लेख्नु पर्ने हुन्छ।

जे होस्, मैले यस पुरस्कारलाई नेपाली भाषा साहित्यमा समर्पित स्रष्टाहरूलाई दिएको स्वीकृति सम्झेको छु। विशेष गरी पूर्वोत्तर भारतमा बस्ने ती समग्र गोर्खाहरूको पुरस्कार सम्झेको छु जहाँबाट भारतीय नेपाली लिपिबद्ध साहित्यको सुत्रपात सन् १८९३ तिरै तुलाचन आलेले मणिपुरबाट गरेका थिए। ती गोर्खाहरूको पुरस्कार सम्झेको छु जो समस्यै समस्यासित जुझेर बाँचेका छन्। विभिन्न जन गोष्ठी माझ चामलमा वियाँ झै छरिएर बसेका ती गोर्खाहरू जो सदैव सन्त्रस्त जीवन बाँचेका छन्। यो पुरस्कार ती नेपाली भाषी जनताको स्वीकृति हो जो अन्य छिमेकीको भाषा साहित्य संस्कृति अंगालेर मिला प्रीति भावले बस्न र बाँच्न चाहन्छन् एकातिर भने आफ्नो नेपाली भाषा साहित्य संस्कृति र परम्पराको संरक्षण र संवर्द्धनका निम्ति मरिमेटेका छन्। "अरुलाई पनि अंगाल, तर आफ्नो सुरक्षित राख", भन्ने नीति अवलम्बन गरेर ती चलेका छन्। ती सबैको निम्ति पुरस्कारको रूपमा दिएको यो स्वीकृति सम्झि उनीहरूको पक्षमा म धन्यवाद ज्ञापन गर्छु।

नेपाली जाति, विश्व भरि छरिएर बसेको जाति हो। नेपाली भाषा साहित्य संस्कृतिले छरपष्ट यो जातिलाई एकताको सूत्रमा

बाँधेर राखेको छ। जहाँ जसरी बसेको भएपनि उनीहरूमा भावनात्मक एकता हुन्छ नै। नेपाली साहित्यले वास्तवमा विश्व साहित्यको स्वरूप लिएको कुरा स्पष्टै छ। तर नेपाली साहित्यको यो विश्वारूपको स्थूल अध्ययन (Macroscopic study) भने अझ हुन नसकेको परिलक्षित हुन्छ। भिन्न भिन्न इलाकामा लेखिएका नेपाली साहित्यको इतिहास फेला परे पनि विश्व भरिको नेपाली साहित्यको इतिहास टड्कारो रूपमा अझ फेला नपरेको बुझिन्छ। विश्वाका विभिन्न ठाउँमा लेखिएका हामीसित समग्रमा कति उपन्यास छन्, कति काव्य साहित्य छन्, कति निबन्ध प्रबन्ध छन् त्यस्को टडकारो सूची हामीसित अझ भए जस्तो लाग्दैन। त्यसैले विश्व नेपाली साहित्यको इतिहास सिर्जने कष्टकर काम जो एक दुई व्यक्तिबाट हुने काम होइन त्यस दिशामा हाम्रा बृहत साहित्यिक संस्थान तथा विद्वान स्रष्टा र द्रष्टा, शोधार्थीको ध्यान आकर्षित गर्न चाहन्छु।

अन्तमा मलाई यो न्यानो माया प्रदान गर्नु भएकोमा मदन पुरस्कार गुठीका सबै सदस्य, कार्यकर्ता तथा अन्य सबै सम्बन्धित महानुभाव र यहाँ उपस्थित विद्वान, विदुषीवर्गमा आभार व्यक्त गर्दै मेरो गन्थन समाप्त गर्छु।

## २०७२ सालको मदन पुरस्कारद्वारा सम्मानित 'ऐना'का स्रष्टा श्री रामलाल जोशीको उद्‌गार

**मदन पुरस्कार गुठीका श्रद्धयेय अध्यक्षज्यू !**

**सदस्यज्यूहरू तथा गुठी परिवार!**

**जगदम्बा पुरस्कारले विभूषित श्रद्धेय लील बहादुर क्षेत्रीज्यू! यस गरिमामय समारोहमा उपस्थित आदरणीय सज्जनवृन्द,भद्र महिला तथा पत्रकार मित्रहरू।**

आफ्नो साहित्यिक यात्राको आजसम्मको सबैभन्दा गौरवमय क्षणमा उभिएर नेपाली वाङ्मषय क्षेत्रकै सर्वश्रेष्ठ पुरस्कार ग्रहण गर्न र दुई शब्द बोल्न पाउँदा आफूलाई भाग्यमानी ठानेको छु। यस अवसरका लागि सर्वप्रथम मदन पुरस्कार गुठी परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु। जसले **२०७२** सालको मदन पुरस्कार मेरो कथा सङ्ग्रह 'ऐना' लाई प्रदान गर्ने निर्णय गर्यो  नेपाली साहित्य जगतकै ऐतिहासिक र अत्यन्त सम्मानित पुरस्कार पाउँदा विशेष गर्वको महसुस भएको छ ।

यस गौरवमय क्षणमा मलाई मेरा पिताजी स्व. हरिभक्त जोशीको अनुहार धुमिल रूपमा सम्झना भैरहेको छ। सात वर्षकै

उमेरमा मलाई छोडेर गएका मेरा पिताजीको डायरीमा रहेको 'विद्याकी रानी' भन्ने कवितालाई मैले चार कक्षामा पढ्ने अवस्थामा भेट्टाउँदा गुनगुनाएर अञ्जानमै साहित्यमा प्रवेश गरें। मेरा बाबाको आशिकरूपी त्यहीँ कविताबाट बामे सरेको मेरो लेखन यात्राले आज नेपाली साहित्यकै सर्वश्रेष्ठ पुरस्कार पाउने अवस्थामा पुर्यायो। यस अवसरमा मेरा बाबा स्व. हरिभक्त जोशीप्रति श्रद्धा अर्पण गर्दछु। चौविस वर्षको कलिलो यौवनकालमै विधवा भई धर्तीको चट्टानसँग मात्रै होइन आफ्नै जीवनसँग पनि संघर्ष गर्दै आमाबाबा दुबैको भूमिका निर्वाह गरेर आजको अवस्थासम्म मलाई ल्याई पुर्याउने मेरी ममतामयी आमा तुलसादेवी जोशीलाई कोटीकोटी नमन गर्दछु। यस पुरस्कारलाई आमाकै आँसु र पसिनाको सफलता ठानेको छु। मलाई अक्षरारम्भदेखि विभिन्न तहमा शिक्षा दिई साहित्यको सत्मार्गमा लागिरहन प्रेरणा दिने र दिइरहनु हुने मेरा सबै गुरुहरूलाई सादर प्रणाम गर्दछु। मेरो कृति ऐनालाई अभूत पूर्व माया गरी मलाई अगाडि बढ्न हौसला दिने र दिइरहनु भएका नेपाली साहित्यका विज्ञ, विश्लेषक, समीक्षक पत्रकार,सञ्चारजगत र पाठकवर्गमा आभार व्यक्त गर्दछु।

मदन पुरस्कारका बारेमा मलाई धेरै भन्नु छैन। यतिमात्रै भन्नु छ कि आजको अवस्थामा आइपुग्दा मदन पुरस्कारका बारेमा अनभिज्ञ सायदै कोही नेपाली होला। ६० वर्षको इतिहास कायम गरेको यस पुरस्कारले हरेक वर्ष नेपालीहरूको मानसपटललाई तरङ्गित गर्ने गर्दछ। यस पुरस्कारको आकर्षण र गरिमासँग स्रष्टा र सिर्जना पनि गाँसिएको हुँदा यसले नेपाली वाङ्मय क्षेत्रको गरिमा वढाएको कुरामा दुईमत छैन। यति गौरवशाली पुरस्कार प्राप्त गर्न पाउँदा मलाई त खुसी लागेको छ नै, साथै सुदूर पश्चिमको माटोमा बसेर लेखिएको र काली-कर्णाली क्षेत्रको माटोको सुगन्ध तथा समाजको प्रतिबिम्ब

बोकेको कृति 'ऐना'ले यो पुरस्कार प्राप्त गर्दा समग्र काली कर्णाली क्षेत्र र विशेष गरी सुदूर पश्चिम क्षेत्र नै पुरस्कृत भएको अनुभूति गरिएको छ।

मैले धेरै ठुल्ठूला कुरा लेखेर होइन आजको सामाजिक विकासको गतिले अँध्यारोमै छोड्न खोजेका केही साना तर सम्वेदनशील कुराहरूलाई ऐनामा उठान गर्ने कोशिस गरेको हुँदा नै यो पुरस्कार पाएको हुँ भन्ने मेरो ठहर छ। मेरो विचारमा हामी सामाजिक,राजनैतिक र आर्थिक विकासको गतिमा अगाडि बढिरहँदा विविध खाले नेपाली समाजका विकलाङ्ग र कुरूप पाटाहरूलाई त्यत्तिकै छोडी दिने हो भने हाम्रो सामाजिक विकासको कुनै न कुनै पक्ष कुरूप नै रहने छ। समाज विकासको गतिमा अगाडि बढ्दा सामाजिक विडम्बनाका तिक्त पक्षहरूको उपचार नभई सामाजिक सद्भाव कसरी सदाकालका लागि कायम रहला र? लामो राजनैतिक संघर्षबाट प्राप्त भएको परिणामले हाम्रो अन्योन्यास्रित जातीय मेलामिलाप, सद्भाव  र शान्ति सदाका लागि खोसेर लैजाने हो भने कसरी सुखद भविष्यको कल्पना गर्न सकिएला र? भोकमरीको पीडाले आक्रान्त भई आफ्ना छोराछोरी सहित सेती,काली, कर्णाली र मोहनाजस्ता नदीमा हाम फाल्नुपर्ने जनताको विवशता कायमै राखेर हाम्रो आर्थिक समृद्धिको मापन कसरी गर्न सकिएला र? आजको अत्याधुनिक प्रविधि र कम्प्युटरसँग खेल्दै ज्ञानार्जन गर्न पाउनु पर्ने बालबालिकाहरूले नदी किनारामा गिट्टी कुट्दै र लास जलाइएका कोइला टिपेर बेच्दै पेट पाल्नुपर्ने कहाली लाग्दो र मानवतालाई उपहास गर्ने अवस्थालाई त्यत्तिकै छोडेर हामी सुन्दर भविष्यतर्फ लाम्किरहँदा हाम्रो सामाजिक अनुसार कस्तो देखिएला? कलिला छोराछोरी जवान श्रीमती र बुढा आमाबाबुलाई रुवाएर विदेशिनु पर्ने

नेपाली युवाहरूको विवश अनुहार कसरी स्वाभिमान र गर्वले ऐनामा टल्किएला र?

हो , यिनै साना साना कुराहरूलाई मैले ऐनामा देखाउने प्रयास गरेको हुँ। समाजका यी कुरूप पक्षहरूलाई सुधार्न र सफा गर्न सके मात्रै भोलि हाम्रो अनुहार अर्को ऐनामा सुन्दर देखिने छ भन्ने मेरो 'ऐना'को आग्रह पनि हो। मेरो यो प्रयास आगामी दिनमा अझै मजबूत हुने मलाई आत्मविश्वास जागेको छ। यो पुरस्कारले मलाई थप प्रेरणा र हौसला मिलेको छ ।

मलाई लाग्छ, अत्याधुनिक विचार,दर्शन र चिन्तनले प्रभावित आजको नेपाली साहित्यले विविध खाले नेपाली समाजका विविध पाटाहरूलाई उत्खनन् गरेरै अगाडि बढ्नु आवश्यक छ। दबेका, छुपेका,नदेखिएका सामाजिक जनजीवनका पाटाहरूलाई नेपाली साहिति्यले खोतल्नु आवश्यक छ। सामाज विकासको गतिमा छुटेका पक्षहरूलाई उजागर गरेर समृद्ध राष्ट्र निर्माणका लागि साहित्यले तेस्रो आँखाको रूपमा कार्य गर्नसकेमा हाम्रो साहित्य पनि समृद्ध हुनेछ भन्ने मेरो विश्वास छ। देखेर पनि नदेखिएका र भोगेर पनि नलेखिएका विविधतामा आधारित नेपाली समाजका विविध पाटाहरूलाई नेपाली साहित्यले विश्व रङ्गमञ्चमा उभ्याउनै पर्छ।

अन्तमा पुनः मदन पुरस्कार गुठी परिवार र यसका निर्णायिकजनहरूप्रति हार्दिक आभार सहित यो सफलताका लागि मलाई बधाई, शुभकामना,आत्मीयता र अझै अगाडि बढ्नका लागि प्रोत्साहन र हौसला प्रदान गर्नुहुने देशभित्र र बाहिर रहेका मेरा प्रिय पाठक र शुभचिन्तकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

# सदस्य-सचिवको
# धन्यवाद ज्ञापन

**प्रकाश सायमीजी, लीलबहादुरजी, रामलाल जोशी तथा उपस्थित भद्र महिला तथा सज्जन वृन्द,**

मेरो पहिलो धन्यवाद नेपाली साहित्यिक तथा विद्वद् समाज प्रति। दुई पुरस्कारहरूको घोषणा भएपछि साहित्य र पुरस्कारमा रूचि राख्दै व्यक्त भएका भावनाहरूका लागि मिडियाकर्मी तथा सामाजिक सञ्चालका प्रयोगकर्ताहिरू सबैलाई विशेष धन्यवाद। यहाँहरू सबैले हामीले आज गर्ने सम्मान भन्दा पहिले नै दुवै सम्मानित व्यक्तिहरूको अभिनन्दन गरिदिनु भयो। तपाईंहरू सबैलाई धन्यवाद!

मेरा पत्रकार मित्र प्रकाश सायमीजी तपाईंले आज यहाँ आएर यति गम्भीर विषयमा यति सूचनामूलक तथा सारगर्वित प्रवचन गर्नुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

आदरणीय लीलबहादुरजी, मेरो जन्म हुनुभन्दा पहिलेदेखि नै मदन पुरस्कार परिवारसँग सम्पर्कमा आइसक्नु भएको तपाईंलाई म सम्मानपूर्वक बधाई निवेदन गर्दैछु। यहाँको बसाइँ उपन्यास धेरै पहिले पढेको हो, तर माइकल हटले गरेको अंग्रेजी अनुवाद पढ्दा लाग्यो कि यो पुस्तक कुनै पनि अन्तराष्ट्रिय स्तरको शास्त्रीय उपन्यास भन्दा कम छैन। कारण फरक होलान् तर यहाँको उपन्यासमा **५०**

वर्ष पहिले वर्णन भए जस्तै पलायन हुने क्रम जारी छ। अवस्था उस्तै छ। समारोहलाई सम्मान प्रदान गर्न दुःख गरिकन असमदेखि पाल्नुभएकोमा धन्यवाद चढाउँदछु।

रामलालजी मदन पुरस्कारमा धेरै वर्षदेखि खडेरी परेजस्तो कथा-साहित्यमा तपाईंले यति उत्कृष्ठ कृति प्रस्तुत गरेर त्यस विधालाई सम्मान गर्ने अवसर हामीलाई दिनुभएकोमा मदन पुरस्कार गुठी तथा मेरो आफ्नो तर्फबाट समेत धन्यवाद भन्छु।

रातो बंगला स्कूलको व्यवस्थापक पक्ष तथा यसका कर्मठ कार्यकर्ताहरूलाई पनि आजको हाम्रो समारोह सुचारू रूपले संचालन गर्न सहयोग गरेकोमा यथायोग्य धन्यवाद छ।

उपस्थित विद्वसदवर्ग तपाईहरूले हाम्रो समारोहमा आई हाम्रो गरिमा बढाईदिनुभएको छ। तपाईँहरूलाई त धन्यवाद मात्र दिएर पनि पुग्दैन, म हृदयदेखिनै तपाईहरूमा आभार प्रकट गर्दछु।

अब तल प्राङ्गणमा गई रातो बंगलाले तयार पारेको व्यञ्जनको रसास्वादन गरी अनुगृहीत बनाउनु होला भन्ने अनुरोध गर्दछु। अब अध्यक्षज्यूका आज्ञाले यो सभाको अन्त्य भएको पनि ज्ञापन गर्दछु।

जयहोस् !

# मदन पुरस्कार गुठीबारे केही तथ्यहरु :

१. मदन पुरस्कार स्थापना हुने घोषणा सर्वप्रथम २०१२ साल असोज १० गते भएको थियो ।

२. २०१२ साल मङ्सिर २८ गतेका दिन मदन पुरस्कार गुठीको दानपत्रमा सहिछाप भयो । त्यसपछि पुस १ गतेका दिन ल.पु. पोता रजिस्ट्रेसन अड्डामार्फत सो कागत रजिस्ट्रेसन पास भएको हो ।

३. पछि संस्था रजिस्ट्रेसन ऐन, २०१६ बमोजिम २०२० साल कार्तिक ३ गते ललितपुर म्याजिस्ट्रेट अफिस मार्फत यो दर्ता भएको छ र ल.पु. जिल्ला कार्यालयबाट पुनर्नवीकरण हुँदै आएको छ ।

४. २०२५ सालसम्म गुठीले चार-चार हजारका जम्मा चार ओटा पुरस्कार प्रत्येक वर्ष दिन सक्ने व्यवस्था थियो । त्यसपछि दस-दस हजार रुपियाँका दुई ओटा पुरस्कार दिने व्यवस्था भयो। अनि २०३३ सालदेखि एउटा मात्र पच्चीस हजारको, २०४० सालदेखि तीस हजारको, २०४२ सालदेखि चालीस हजारको र २०४३ सालदेखि पुरस्कार पचास हजारको भयो । त्यसपछि २०५१ सालदेखि पुरस्कार १ लाखको दिने गरी नियममा संशोधन गरिएको हो। २०६१ सालको पुरस्कारदेखि भने पुरस्कारको राशि २ लाख रुपियाँको गराइएको छ ।

५. गुठीको मूलधन हाल रु. ३५ लाखको छ। रकम लगानी भई त्यसबाट प्राप्त हुने ब्याजबाट मात्र गुठीले काम चलाउनुपर्छ। मूलधन खर्च गर्ने अधिकार गुठीलाई छैन । खर्चलाई धान्ने रकम नपुगेमा चाहिँ त्यसको बन्दोबस्त अध्यक्षबाट हुँदै आएको छ तर गत वर्षदेखि भने जगदम्बा-श्रीको पुरस्कार-राशी जगदम्बा प्रेसले जुटाइदिने भएको छ ।

६. मदन पुरस्कारसम्बन्धी कार्यप्रणालीमा “एकपटक मदन पुरस्कार पाइसकेका व्यक्तिलाई साधारणतः अर्कोपटक पुरस्कार दिइने छैन” भन्ने पनि हाल थपिएको छ ।

## संवत् २०१३ देखि मदन पुरस्कार प्राप्त गर्नेहरुको पूर्ण विवरण यसप्रकार छ-

(१) २०१३

गद्य- *'हाम्रो लोक संस्कृति' - श्री सत्यमोहन जोशी

सामाजिक शास्त्र- 'जनरल भीमसेन थापा' -श्री चित्तरञ्जन नेपाली

विज्ञान- *'अधिकविभव स्थिरविद्युत् उत्पादक' - डा. बलराम जोशी

(२) २०१४

गद्य- *'मन' - श्री लीलाध्वज थापा

विज्ञान- *'मृत्तिका उद्योग' - श्री करुणाकर वैद्य

(३) २०१५

गद्य- 'कवि व्यथित र काव्यसाधना' - श्री कृष्णचन्द्रसिंह प्रधान

विज्ञान- *'उद्यान' - श्री गंगाविक्रम सिजापति

(४) २०१६

गद्य- *'महाकवि देवकोटा'- श्री नित्यराज पाण्डे

(५) २०१७

पद्य- *'विस्फोट'- श्री भीमनिधि तिवारी

सामाजिक शास्त्र- *'नेपाली राष्ट्रिय मुद्रा' - श्री सत्यमोहन जोशी

(६) २०१८

गद्य- *'नयाँ सडकको गीत'- श्री रमेश 'विकल'

---

* अमुद्रित अवस्थामा पुरस्कृत

(७) २०१९

पद्य- *'आमाको सपना' - श्री गोपालप्रसाद रिमाल

(८) २०२०

पद्य- 'नैषधीय चरित' अनु. - श्री कोमलनाथ अधिकारी

सामाजिक शास्त्र - 'जोसमनी सन्त परम्परा र साहित्य'
- श्री जनकलाल शर्मा

(९) २०२१

गद्य- 'नेपाली भाषा र साहित्य' - श्री बालकृष्ण पोखरेल

पद्य- 'प्राकृत पोखरा' - श्री मुकुन्दशरण उपाध्याय

सामाजिक शास्त्र- *'प्राचीन हिन्दु अर्थशास्त्र' - श्री नवराज चालिसे

विज्ञान- *'वस्त्र-निर्माणकला' - श्री लक्ष्मीबहादुर श्रेष्ठ

(१०) २०२२

गद्य- 'शिरीषको फूल' - सुश्री पारिजात

(११) २०२३

गद्य- 'स्रष्टा र साहित्य' - श्री उत्तम कुँवर

पद्य- 'मानव महाकाव्य' - श्री मोदनाथ 'प्रश्रित'

(१२) २०२४

गद्य- 'एब्स्ट्र्याक्ट चिन्तन प्याज'- श्री शंकर लामिछाने

सा. शास्त्र- 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास'
- श्री ग्रीष्मबहादुर देवकोटा

---

* अमुद्रित अवस्थामा पुरस्कृत

(१३) २०२५

गद्य- 'टिपन-टापन' - श्री पारसमणि प्रधान

पद्य- 'मङ्गली कुसुम' - श्री धर्मराज थापा

(१४) २०२६

साहित्य- 'बेलाइततिर बरालिंदा'

- श्री ताना सर्मा

(१५) २०२७

दर्शन/विज्ञान- 'नेपाली निर्वचनको रूपरेखा'

- श्री महानन्द सापकोटा

(१६) २०२८

दर्शन/विज्ञान - 'कर्णाली लोक संस्कृति'

संयुक्त रूपमा- श्री सत्यमोहन जोशी, श्री स्थिरजङ्गबहादुर सिंह, श्री विहारीकृष्ण श्रेष्ठ, श्री चूडामणि 'बन्धु', र श्री प्रदीप रिमाल

(१७) २०२९

साहित्य - 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्'

- श्री ईश्वरवल्लभ

(१८) २०३०

दर्शन/विज्ञान - 'लिच्छविकालका अभिलेख'

- श्री धनवज्र वज्राचार्य

(१९) २०३१ (कसैलाई पनि दिइएन)

(२०) २०३२

साहित्य - 'आगत' - श्री भवानी भिक्षु

(२१) २०३३

(कसैलाई पनि दिइएन)

(२२) २०३४

'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'

- डा. वासुदेव त्रिपाठी

(२३) २०३५

'घामका पाइलाहरू' - श्री ध.च. गोतामे

(२४) २०३६

'नेपालका परम्परागत प्रविधि'

संयुक्त रूपमा - डा. छविलाल गजुरेल + श्री करुणाकार वैद्य

(२५) २०३७

'नरसिंह अवतार' - श्री जगदीशशमशेर राणा

(२६) २०३८

'नदी किनाराका माझी' - श्री मोहन कोइराला

(२७) २०३९

'माधवी' - श्री मदनमणि दीक्षित

(२८) २०४०

'अलिखित' - श्री ध्रुवचन्द्र गौतम

(२९) २०४१

'प्रत्यागमन' - श्री कञ्चन पुडासैनी

(३०) २०४२

'वैकुण्ठ एक्सप्रेस' - श्री मोहनराज शर्मा

(३१) २०४३

'लिच्छवि संवत्को निर्णय' - श्री नयराज पन्त

(३२) २०४४

'उत्सर्ग प्रेम' - श्री राजेश्वर देवकोटा

(३३) २०४५

'ज्योति, ज्योति, महाज्योति' - श्री दौलतविक्रम विष्ट

(३४) २०४६

'नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका'
- श्री राजेश गौतम

(३५) २०४७

'मृत्युञ्जय महाकाव्य' - श्री भानुभक्त पोखरेल

(३६) २०४८

'पागलबस्ती' - श्री सरूभक्त

(३७) २०४९

'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)'
- श्री भवेश्वर पंगेनी

(३८) २०५०

'माध्यमिक नेपाली गद्याख्यान' - श्री शरदचन्द्र शर्मा भट्टराई

(३९) २०५१

'सही शब्द' - फादर विलियम बर्क

(४०) २०५२

'योजनगन्धा' - श्री विनोदप्रसाद धिताल

(४१) २०५३

'नेपाली राष्ट्रिय झन्डा' - श्री दयाराम श्रेष्ठ

(४२) २०५४

'विसर्जन' कथा सङ्ग्रह - श्री लोकेन्द्रबहादुर चन्द

(४३) २०५५

'दु:खान्त नाटकको सृजना परम्परा' - डा. केशवप्रसाद उपाध्याय

(४४) २०५६

'अतिरिक्त अभिलेख' - श्री दिनेश अधिकारी

(४५) २०५७

'नेपालको सिमाना' - श्री बुद्धिनारायण श्रेष्ठ

(४६) २०५८

'अभिनव संस्कृति कोष' - श्री हरिराम जोशी

(४७) २०५९

'नेपाली कानूनको ऐतिहासिक रूपरेखा' - श्री रेवतीरमण खनाल

(४८) २०६०

'नयाँ ईश्वरको घोषणा' - श्री गोपाल पराजुली

(४९) २०६१

'पल्पसा क्याफे' - श्री नारायण वाग्ले

(५०) २०६२

'राधा' - श्री कृष्ण धरावासी

(५१) २०६३

'छापामारको छोरो' - श्री महेशविक्रम शाह

(५२) २०६४

'अन्तर्मनको यात्रा' - श्री जगदीश घिमिरे

(५३) २०६५

'एक हातको ताली' - श्री युवराज नयाँघरे

(५४) २०६६

'नेपालका बालीनाली र तिनको दिगो खेती' - श्री नरबहादुर साउद

(५५) २०६७

'जीवन काँडा कि फूल' - श्री झमक घिमिरे

(५६) २०६८

'सेतो धरती' - श्री अमर न्यौपाने

(५७) २०६९

'दमिनी भीर' - श्री राजन मुकारुङ

(५८) २०७०

'खलंगामा हमला' - राधा पौडेल

(५९) २०७१

'खुशी' - विजय कुमार

(६०) २०७२

'ऐना' - रामलाल जोशी

७. कुनै साल पुरस्कार वितरण हुन नसकेमा त्यसको रकमबाट विद्वद्वृत्ति दिने पनि नियम छ। आजसम्म निम्न चार जनालाई मदन पुरस्कार विद्वद्वृत्ति प्रदान गरिएको छ-

१. श्री चूडामणि बन्धु - २०२०
२. श्री राममणि रिसाल - २०२३/२४
३. श्री कोमलप्रसाद सुवेदी - २०२५
४. श्री जयराज आचार्य - २०३५/३६

८. श्री कमलमणि दीक्षितको सम्पादनमा गुठीको मुखपत्र त्रैमासिक 'नेपाली' गुठीका समाचार तथा अरू लेख-निबन्धहरू लिएर २०१६ सालदेखि नियमित रूपले प्रकाशित भइरहेको छ।

९. प्रत्येक वर्ष कलकत्तामा डाक्टरी पढ्न जाने दुई विद्यार्थीको छनोट गर्ने काम पनि गुठीले संवत् २०१३-१४ सालदेखि गर्दै आएको छ।

१०. २०४५ सालमा गुठीले छुट्टै पुरस्कार 'जगदम्बा-श्री'को पनि स्थापना गरेको छ।

११. २०६१ साल मङ्सिर २८ गते प्रारम्भ गरेर २०६२ साल मङ्सिर २७ गतेसम्म गुठीको स्वर्णवर्ष विभिन्न कार्यक्रम गरी मनाइयो।

# पुरस्कार जगदम्बा-श्री : सामान्य जानकारी

१. आफ्ना संस्थापिका स्व. रानी जगदम्बाकुमारी देवीको स्मृति चिरस्थायी राख्ने उद्देश्यले गुठीले यो पुरस्कार, जगदम्बा-श्री स्थापना गरेको हो ।

२. गुठीको साधारण सभाद्वारा स्व. रानी जगदम्बाको पैंतालीस दिनको अवसरमा मिति २०४५/६/१/२ का दिन यो पुरस्कार विधिवत् स्थापना भएको हो ।

३. यो पुरस्कार मदन पुरस्कार सरह अर्थात् (हाललाई) रु. २,००,०००।- को छ ।

४. यो पुरस्कार कसरी, कसलाई, कुन प्रक्रियाले दिनु उचित हुन्छ भनी नेपाली बुद्धिजीवीहरूलाई पत्रपत्रिका र नेपाल टेलिभिजनबाट पनि आह्वान गरी सुझाव मागिएको थियो र ती सबै प्राप्त राय सुझावहरूको यथोचित कदर गर्दै गुठीले छलफल गरी मिति २०४५।१२।३०।४ का दिन 'जगदम्बा-श्री' सम्बन्धी नियमहरू पारित गर्‍यो । यी नियमहरूको मसौदा गर्ने काम पनि, 'मदन पुरस्कार' स्थापना हुँदा संवत् २०१२ सालमा गुठीको दानपत्र-नियमावलीहरू सबै तर्जुमा गर्ने, श्री शम्भुप्रसाद ज्ञवालीद्वारा नै भएको हो ।

५. ‘जगदम्बा-श्री’ वितरण गर्नेबारेको कार्य-प्रणाली मदन पुरस्कार गुठीको नियमावलीको परिच्छेद ५-क अन्तर्गत नियम ३६ को उप-नियम (क) देखि (ज) सम्ममा परेका छन् । त्यस बाहेक मदन पुरस्कार गुठीको ज्ञापनपत्रको दफा २ (उद्देश्य) अन्तर्गत पनि निम्नअनुसार एउटा उपदफा थपिएको छ :-

“श्रव्य, दृश्य वा अरू किसिमका कृतित्त्वहरूबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति र शैक्षिक, सामाजिक वा सांस्कृतिक माध्यमबाट नेपाली भाषाको समुन्नतिमा उल्लेख्य योगदान गर्ने व्यक्तिहरू मध्येबाट वर्षैवर्ष छनोट गरी सम्मानयोग्य ठहरिएका व्यक्तिलाई मदन पुरस्कार संस्थापिका स्व. श्री रानी जगदम्बाकुमारी देवीको स्मृतिमा ‘जगदम्बा-श्री’ नामले मदन पुरस्कार सरहको अर्को पुरस्कार प्रदान गर्ने ।”

६. जगदम्बा-श्री पुरस्कारका लागि नेपाली भाषाको सेवालाई नै एक मात्र आधार मानिएको छ । वर्ण, लिङ्ग, धर्म, जात वा जातीयताको कुनै बन्धन वा विशेष ग्राह्यता यसमा रहँदैन। मरणोपरान्त जगदम्बा-श्री पुरस्कार साधारणतया प्रदान गरिंदैन। यस पुरस्कारका लागि आफैले निवेदन दिनु हुँदैन भन्ने इत्यादि कुरा पनि नियमावलीमा परेका छन् र प्रत्येक वर्ष गठन गरिने छनौट समितिले सङ्कलन गरेका नामावलीबाट छानी एकमतले सिफारिस गरेको व्यक्तिलाई यो पुरस्कार दिइन्छ ।

## पुरस्कार जगदम्बा-श्री विवरण :

१. संवत् २०४५ को पुरस्कार श्री नारायणगोपाललाई “तिन दशकभन्दा बढी समयदेखि सङ्गीतको माध्यमबाट नेपाली भाषाका गीतहरूलाई देश तथा विदेशमा समेत लोकप्रिय बनाउनमा उल्लेखनीय योगदान गरे बापत।”

२. संवत् २०४६ को पुरस्कार मह-जोडी (श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको जोडी) लाई “श्रव्य, दृश्य दुवै प्रकारले प्रहसनका माध्यमबाट नेपाली भाषालाई देश विदेशमा लोकप्रिय बनाउन प्रशंसनीय कार्य गरे बापत।”

३. संवत् २०४७ को पुरस्कार सिक्किमका श्री नरबहादुर भण्डारीलाई “नेपाल बाहिर नेपाली भाषा र साहित्यको समुन्नतिमा व्यक्तिगत तथा संस्थागत स्तरमा असाधारण योगदान गरे बापत।”

४. संवत् २०४८ सालको पुरस्कार कवि केदारमान व्यथितलाई “उत्कृष्ट काव्य कृतित्व र विभिन्न संस्थागत माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति आधा शताब्दीभन्दा बढी समयदेखि अनवरत रूपमा सृजनशील र क्रियाशील रही नेपाली भाषा र साहित्यको प्रतिष्ठा बढाए बापत।”

५. संवत् २०४९ को पुरस्कार नेपाली साहित्य सम्मेलन दार्जीलिङलाई “स्थापनाकाल विक्रम संवत् १९९१ देखि नै नेपाली भाषा र साहित्यको संरक्षण, प्रवर्द्धन र श्रीवृद्धिका निमित्त अनवरत क्रियाशील रही असाधारण संस्थागत योगदान गरे बापत।”

६. संवत् २०५० को पुरस्कार श्रीमती तारादेवीलाई “गत चारदशकदेखिको अथक साधनाद्वारा गायन कलामा उत्कृष्टता हासिल गरी नेपाली भाषालाई स्वदेशभित्र र बाहिर समेत सङ्गीतको मधुरिमाद्वारा लोकप्रिय बनाई नेपाली वाङ्मयको श्रीवृद्धि गर्नमा उल्लेखनीय योगदान गरिरहे बापत ।”

७. संवत् २०५१ को पुरस्कार श्री इन्द्रबहादुर राईलाई “विगत ४५ वर्षदेखि नेपाली साहित्यका साधनामा निरन्तर संलग्न रही कथा, उपन्यास, निबन्ध र समालोचना आदि विविध विधामा नवीन प्रवृत्तिका उत्कृष्ट रचनाहरूद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति अति विशिष्ट योगदान गरे बापत ।”

८. संवत् २०५२ को पुरस्कार कोहिमा, नागाल्याण्ड, भारतका श्री हरिप्रसाद ‘गोर्खा’ राईलाई “विगत ६ दशकभन्दा बढी समयदेखि अविच्छिन्न रूपले नेपाली भाषा र साहित्यको संवर्द्धनका निमित्त विभिन्न माध्यमबाट उल्लेखनीय सेवा प्रदान गरिरहे बापत ।”

९. संवत् २०५३ को पुरस्कार मोगोक, म्यान्मारका श्री ठाकुरप्रसाद गुरागाईंलाई “म्यानमारमा बसोबास गर्ने नेपाली मूलका बर्मेलीहरूका माझमा नेपाली भाषाको प्रचार-प्रसार र संवर्द्धनमा असाधारण योगदान गरी नेपाली भाषालाई जीवित राखेर यसको श्रीवृद्धि गर्नमा समर्पित भए बापत ।”

१०. संवत् २०५४ को पुरस्कार गायक कलाकार श्री अम्बर गुरुङलाई “विगत चार दशक यता सङ्गीत-साधनामा निरन्तर लगनशील रही साङ्गीतिक माध्यमद्वारा नेपाली कला र संस्कृतिको उत्थानका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धि गर्न सशक्त योगदान गरे बापत ।”

११. संवत् २०५५ को पुरस्कार वरिष्ठ साहित्यकार श्री गोविन्द-बहादुर मल्ल "गोठाले"लाई "नेपाली भाषा-साहित्यका विविध विधामा-खास गरेर कथा, नाटक र उपन्यासमा- गत पाँच दशकभन्दा बढी समयदेखि उच्च दर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत ।"

१२. संवत् २०५६ को पुरस्कार नेपाली शिक्षा परिषद्लाई "भाषा र साहित्यतर्फ निरन्तर सक्रिय रही विभिन्न संस्थागत क्रियाकलापका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत ।"

१३. संवत् २०५७ को पुरस्कार जनकविकेशरी धर्मराज थापालाई "श्रव्य-पाठ्य विभिन्न माध्यमबाट आधा शताब्दीभन्दा लामो अवधिसम्म नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा बहुमुखी विशिष्ट योगदान गरे बापत ।"

१४. संवत् २०५८ को पुरस्कार डायमनशमशेर राणालाई "विगत आधा शताब्दिदेखि नेपाली साहित्यको आराधनामा संलग्न भई गद्याख्यानद्वारा उल्लेखनीय योगदान गरिरहे बापत ।"

१५. संवत् २०५९ को पुरस्कार श्रीकृष्णप्रकाश श्रेष्ठलाई "नेपाली भाषाको सिर्जना, अनुसन्धान तथा प्रचार-प्रसारमा कष्टसाध्य रूपमा संलग्न भई चार दशकअघिदेखि नेपाली वाङ्मयको सेवामा समर्पित भइरहे बापत ।"

१६. संवत् २०६० को पुरस्कार श्री अली मियाँलाई “विगत ६ दशकभन्दा बढी समयदेखि लोकगीत गायन र काव्यसृजनाद्वारा नेपाली लोकसंस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहे बापत ।”

१७. संवत् २०६१ को पुरस्कार श्री फणीन्द्रराज खेतालालाई “आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणका साथै अनवरत रूपमा साहित्यसेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरिरहे बापत ।”

१८. संवत् २०६२ को पुरस्कार श्री भैरव रिसाललाई “गत आधा शताब्दीदेखि नेपाली छापादेखि विद्युतीय माध्यमसम्म पूर्ण रूपले संलग्न रही नेपाली पत्रकारितालाई संवर्द्धन गर्दै नेपाली भाषाको विकासमा अद्यापि उल्लेखनीय योगदान गरे बापत ।”

१९. संवत् २०६३ को पुरस्कार डा. तीर्थबहादुर श्रेष्ठलाई “नेपालीहरूलाई विज्ञानको ज्ञान गराउने कार्यमा संलग्न भई दशकौंदेखि उत्कृष्टताका साथ नेपाली भाषाको सेवामा निरन्तर लागिरहे बापत ।”

२०. संवत् २०६४ को पुरस्कार श्री कृष्णप्रसाद पराजुलीलाई “व्याकरण, गीत, कविता, बालसाहित्य तथा संस्कृति लगायत विविध विधामा अनेकानेक ग्रन्थको सिर्जना गरी नेपाली वाङ्मयको अतुलनीय तथा अनवरत भाषासेवा गरिरहे बापत ।”

२१. संवत् २०६५ को पुरस्कार श्री रामशरण दर्नाललाई "लोकसङ्गीत र बाजाको सङ्कलन, अध्ययन अनुसन्धान तथा लेखनका माध्यमले गत ३ दशकदेखि अनवरत रूपमा कार्यरत रही नेपाली भाषाको श्रीवृद्धिमा योगदान गरिरहे बापत।"

२२. संवत् २०६६ को पुरस्कार डा. राजेन्द्र विमललाई "गत चार दशकदेखि मिथिला क्षेत्रमा मैथिली भाषी विद्यार्थीहरूलाई नेपाली भाषामा शिक्षित गराई विद्वान् बनाउने पुनीत कार्यका साथै नेपाली भाषामा अनेकानेक ग्रन्थ रचना गरी नेपाली भाषा वाङ्मयलाई समृद्ध तुल्याउने काम समेत गरिरहे बापत।"

२३. संवत् २०६७ को पुरस्कार कवि श्री दुर्गालाल श्रेष्ठलाई "गत छ दशकदेखि आफ्नो मातृभाषा तथा नेपाली भाषामा अत्यन्त सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य लेखी नेपाली वाङ्ग्मयलाई समृद्ध तुल्याउने कार्य गरिरहे बापत।"

२४. संवत् २०६८ को पुरस्कार संशोधन मण्डललाई "गत छ दशकभन्दा बढी समयदेखि नेपाली इतिहास र संस्कृतिका अतिरिक्त ज्योतिष, गणित, व्याकरण र साहित्यका फाँटमा गुरुकुलीय संगठित र संस्थागत प्रयासबाट प्रामाणिक अनुसन्धान गरी तिनको प्रकाशन तथा प्रचारका लागि 'पूर्णिमा' पत्रिकाको निरन्तर प्रकाशन गरेर नेपाली वाङ्मयको सेवा र श्रीवृद्धिमा निरन्तर रूपले उल्लेखनीय योगदान गरिरहे बापत।"

२५. संवत् २०६९ को पुरस्कार श्री रत्नशमशेर थापालाई "गत पाँच दशकदेखि नेपाली गीत र कविता लेखनमा निरन्तर लागेर नेपाली भाषाको उन्नयन र श्रीवृद्धिमा उल्लेखनीय योगदान गरिरहे बापत ।"

२६. संवत् २०७० को पुरस्कार श्री शिव रेग्मीलाई "साहित्यिक पत्रकारिताको अन्वेषण, पत्रपत्रिकाको संकलन, समीक्षा, समालोचना तथा लेखनद्वारा नेपाली भाषाको अविरल रूपमा सेवा गरिरहे बापत ।"

२७. संवत् २०७१ को पुरस्कार श्रीमती अङ्गूरबाबा जोशीलाई "नेपालमा नारी शिक्षाको प्रचार प्रसार एवं प्रवर्धनका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर दीर्घसाधना गरी उल्लेख्य योगदान पुऱ्याइरहे बापत ।"

२८. संवत् २०७२ को पुरस्कार श्री लीलबहादुर क्षेत्रीलाई "६० वर्षभन्दा लामो समयदेखि नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि निरन्तर समर्पित रहनुभएकाले ।"

# मदन पुरस्कार गुठीको स्वर्णवर्षमा सम्मानित व्यक्तित्व र संस्थाहरु :

१. श्री आर.डी. 'प्रभास' चटौत

२. श्री घटराज भट्टराई

३. श्री चूडामणि रेग्मी

४. श्री दिलबहादुर नेवार (शिलाङ)

५. श्री भरतराज पन्त

६. श्री मणिराज उपाध्याय

७. श्री रमेश खकुरेल

८. श्रीमती राधिका राया

९. श्री श्यामदास वैष्णव

१०. श्री वसन्तकुमार शर्म्मा नेपाल

११. म्युजिक नेपाल

१२. रत्न पुस्तक भण्डार

# मदन पुरस्कार गुठीबाट मनोनीत भई सम्मानननीया जगदम्बाका सिटमा कलकत्ताका मेडिकल कलेजहरुमा अध्ययन गर्न जाने विद्यार्थीहरु :

| साल | मेडिकल कलेज | आर.जी.कार.मेडिकल कलेज |
|---|---|---|
| १९५६-५७ | एमएल लोढा, जोधपुर | + + |
| १९५७-५८ | तडित्कान्ति च्याटर्जी, कलकत्ता | शिशिरकुमार शाह, कलकत्ता |
| १९५८-५९ | नवीनचन्द्र शर्मा, कलकत्ता | नरेन्द्रकुमार शर्मा, बनारस |
| १९५९-६० | सुन्दरमणि आ.दी., ललितपुर | कुमारी पुण्यवती शर्मा, खरसाङ |
| १९६०-६१ | रामनिवास राठी, विराटनगर | गोपालबहादुर श्रेष्ठ, वीरगन्ज |
| १९६१-६२ | केशरसिंह मल्ल, काठमाडौं | गोपालदास जोशी, काठमाडौं |
| १९६२-६३ | प्रदीप शमशेर राणा, काठमाडौं | राजेन्द्रनाथ परुया, कलकत्ता |
| १९६३-६४ | लक्ष्मीलता तुलाधर, काठमाडौं | चित्रलाल भट्टचन, बागलुङ्ग |
| १९६४-६५ | जयाप्रसाद बराल, झापा | अनवर अहमद खाँ, तौलिहवा |
| १९६५-६६ | शेखरबाबु रिजाल, कैलाली | कुमारी कस्तुरी श्रेष्ठ, ललितपुर |
| १९६६-६७ | हेमन्तशमशेर राणा, काठमाडौं | जनककेशर प्रसाईं, इलाम |
| १९६७-६८ | लुइसा राजपुत, ललितपुर | श्यामबहादुर कर्माचार्य, काठमाडौं |
| १९६८-६९ | विजयकुमार शर्मा, तौलिहवा | जोन शर्मा (बर्मा), कलकत्ता |
| १९६९-७० | अरूणकुमार रौनियार, काठमाडौं | अशोकशमशेर ज.ब.रा., काठमाडौं |
| १९७०-७१ | केशवराज शर्मा, नेपालगन्ज | माधवप्रसाद खनाल, नेपालगन्ज |

| | | |
|---|---|---|
| १९७१-७२ | शैलेशकुमार उपाध्याय, विराटनगर | प्रकाशनारायण मल्लिक, जलेश्वर |
| १९७२-७३ | पीयूषराज पाण्डे, काठमाडौं | + + |
| १९७३-७४ | धनराज अर्याल, काठमाडौं | राजेनसुन्दर श्रेष्ठ, ललितपुर |
| १९७४-७५ | ध्रुवनाथ त्रिपाठी, वीरगन्ज | शरदकुमार शर्मा, कपिलवस्तु |
| १९७५-७६ | अमरकुमार देउजा, काठमाडौं | मदन कोइराला, विराटनगर |
| १९७६-७७ | अनिलबहादुर श्रेष्ठ, विराटनगर | कुमारी पवित्रासिंह ढुङ्गाना, चितवन |
| १९७७-७८ | मधु दीक्षित, काठमाडौं | सुरेशकुमार काफ्ले, सुनसरी |
| १९७८-८९ | अञ्जु श्रेष्ठ, ललितपुर | देवेन्द्रनाथ दास, सर्लाही |
| १९८९-८० | विद्यादेव शर्मा, ललितपुर | सुमनशमशेर ज.ब. राणा, वीरगन्ज |
| १९८०-८१ | सङ्गीता अधिकारी, काठमाडौं | तुहीनकान्ति भट्टाचार्य, धनुषा |
| १९८१-८२ | दीना रायमाझी, काठमाडौं | भार्गवमणि दीक्षित, काठमाडौं |
| १९८२-८३ | विनोद राजभण्डारी, काठमाडौं | श्रीकृष्ण भट्ट, बैतडी |
| १९८३-८४ | स्वयम्भूमान तुलाधर, काठमाडौं | चन्द्रमोहन यादव, धनुषा |
| १९८४-८५ | विद्या पराजुली, म्याग्दी | दीपकबाबु श्रेष्ठ, गोरखा |
| १९८५-८६ | सञ्जय लाखे, वीरगन्ज | कुमारी ज्योत्स्ना रिमाल, काठमाडौं |
| १९८६-८७ | अर्पणा रिसाल, ललितपुर | मखलाल श्रेष्ठ, काठमाडौं |
| १९८७-८८ | सङ्गीता श्रेष्ठ, काठमाडौं | जीवनकुमार आत्रेय, बर्दिया |
| १९८८-८९ | अल्पनासिंह, सर्लाही | अजयराज पाण्डे, काठमाडौं |
| १९८९-९० | कमलराज अर्याल, धादिङ | शरदराज सत्याल, काठमाडौं |
| १९९०-९१ | डेला जोशी, काठमाडौं | दिनेश काफ्ले, स्याङ्जा |

| | | |
|---|---|---|
| १९९१-९२ | अपर्ना रिजाल, काठमाडौं | महेश ढकाल, काठमाडौं |
| १९९२-९३ | मनीषा कार्की, धरान | सुबोधकुमार ढकाल, स्याङ्जा |
| १९९३-९४ | सविना भट्टराई, काठमाडौं | कुमारी सलोना श्रेष्ठ, काठमाडौं |
| १९९४-९५ | किरण गजुरेल, काठमाडौं | विवेक शर्मा, दाङ |
| १९९५-९६ | लुना शर्मा, काठमाडौं | सुमितराज अधिकारी, काठमाडौं |
| १९९६-९७ | सजुमा भजु, काठमाडौं | मनोहर बुढाथोकी, सल्यान |
| १९९७-९८ | विनिता शर्मा, काठमाडौं | नेत्रप्रसाद दवाडी, काठमाडौं |
| १९९८-९९ | वीरेन्द्र के.सी., मोरङ | सुनिलकुमार कर्ण, सर्लाही |
| १९९९-२००० | शोभेन्द्र गौतम, काठमाडौं | अरविन्ददेव, सप्तरी |
| २०००-२००१ | सुभाष के.सी., पोखरा | दीप लामिछाने, काठमाडौं |
| २००१-२००२ | इरिना खड्का, काठमाडौं | धर्मागत भट्टराई, मेघौली चितवन |
| २००२-२००३ | सुबज भट्टराई, सिन्धुपाल्चोक | भीष्म पोखरेल, काठमाडौं |
| २००३-२००४ | दीपक गौतम, स्याङ्जा | शनीश गुरुङ, पोखरा |
| २००४-२००५ | सबीन साहू, भक्तपुर | आर्जन खनाल, कास्की |
| २००५-२००६ | पवन शर्मा, पाल्पा | सुरज आले, कास्की |
| २००६-२००७ | दिवस मरासिनी, गुल्मी | सन्तोष ढुङ्गाना, पाँचथर |
| २००७-२००८ | कुमारी निशा शर्मा, काठमाडौं | लक्ष्मण ठाकुर, मोरङ |
| २००८-२००९ | नारायण अधिकारी, काभ्रे | घनश्याम तिमल्सिना, कास्की |
| २००९-२०१० | विनुदा पौडेल, स्याङ्जा | कपिल दवाडी, काठमाडौं |
| २०१०-२०११ | प्रजिना प्रधान, काठमाडौं | मोनाली शाह, धनुषा |

| | | |
|---|---|---|
| २०११-२०१२ | जेनी खरेल, काठमाडौं | शिशिर थापा, कास्की |
| २०१२-२०१३ | शंकर ढुङ्गेल, धनुषा | प्रीति आचार्य, दाङ |
| २०१३-२०१४ | निहारिका पन्त, काठमाडौं | जीत पुन, म्याग्दी |
| २०१४-२०१५ | यानी खरेल, काठमाडौं | ऋतिक देवकोटा, रूपन्देही |
| २०१५-२०१६ | सलिना श्रेष्ठ, सिराहा | सन्तोष उपाध्याय, धादिङ |

# गुठीका सदस्यहरू

१. श्री कमलमणि आचार्य दीक्षित ❖
२. श्री कनक मणि दीक्षित ❖
३. श्री कुन्द मणि दीक्षित ❖
४. डा. गोविन्द टण्डन ❖
५. डा. चूडामणि बन्धु
६. डा. चेतबहादुर कुँवर
७. डा. जगमान गुरुङ
८. श्री ठाकुर पराजुली
९. भिक्टर प्रधान
१०. डा. माधव अवस्थी
११. डा. माधव भट्टराई
१२. रथी श्रीधरशमशेर ज.ब.रा. ❖
१३. श्री सुलोचना मानन्धर
१४. श्री रमेश खकुरेल
१५. श्री दीपक अर्याल

---

❖ गुठीका प्रबन्ध-समितिका सदस्यहरू

(जगदम्बा प्रेस प्रा.लि.)